**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३३० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस ८ गते मंगलबार ❑ 23 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## सबै मिलेर अगाडि बढे कसैले शान्ति बिथोल्न सक्दैन, समयमै निर्वाचन हुन्छ: प्रधानमन्त्री कार्की

**रासस**
काठमाडौं, ७ पुस

प्रधानमन्त्री सुशीला कार्कीले सबै राजनीतिक दललाई निर्वाचन प्रक्रियामा सहभागी भई शान्ति कायम गर्न आह्वान गर्नुभएको छ।

सिंहदरबारमा सोमबार निर्वाचन आयोग, राजनीतिक दल, जेनजी प्रतिनिधि तथा सरोकारभएकाहरूबीच भएको बैठकमा उहाँले सबै दल एकजुट भए कुनै पनि नकारात्मक तत्वले देशमा हिंसा मच्चाउन नसक्ने स्पष्ट पार्नुभयो । प्रधानमन्त्री कार्कीले भन्नुभयो, "निर्वाचनका सवालमा धेरैले सुरक्षा व्यवस्थाबारे चासो राख्नुभएको छ । सरकार सम्पूर्ण रूपमा सुरक्षाको वातावरण बनाउन लागिरहेको छ।

सबै राजनीतिक दलले एकजुट भएर अगाडि बढे यहाँ कुनै आतङ्ककारी वा अपराधीले हमला गर्न सक्दैन । त्यसैले मेरो अनुरोध छ, सबै निर्वाचनमा आइदिनुहोस् ।" उहाँले निर्वाचनमा सहभागी नभएका दललाई पनि शान्ति र लोकतन्त्रका लागि निर्वाचन प्रक्रियामा आउन आग्रह गर्नुभयो । मुलुकका ११४ वटै राजनीतिक दल एकजुट भए देशमा अशान्तिको कुनै सम्भावना नरहने भन्दै प्रधानमन्त्री कार्कीले शान्ति कायम गर्न दल, जेनजी प्रतिनिधि, नागरिक समाज, सञ्चारमाध्यम र कर्मचारीलाई आह्वान गर्नुभयो ।

"सबै कुराको रिस पोख्दै मुलुकलाई नै अप्ठ्यारोमा पर्ने काम कसैले नगरौँ," उहाँले भन्नुभयो, "हामीसँग भएको समयलाई उपयोग गरेर निर्वाचनमा सहभागी होऔँ ।"

प्रधानमन्त्री कार्कीले विगतमा भएका त्रुटि र गल्तीका कारण भदौ २३ र २४ का घटना घटेको भन्दै त्यसबाट उत्पन्न आवेग र आलोचनालाई सरकारले सामना गरिरहेको बताउनुभयो । ती घटनाले जनतामा गहिरो प्रभाव पारेको उल्लेख गर्दै उहाँले सरकार र राजनीतिक दलले जनतालाई दिने सन्देश तथा परिवर्तनको उद्देश्यबारे गम्भीर रूपमा सोच्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

"जेनजी र युवा पुस्ताले खोजेको परिवर्तन बुझ्नु अहिलेको मुख्य प्राथमिकता हो । जनताले परिवर्तन चाहेका छन्, त्यसैले राजनीतिक दललगायत सबै सच्चिनै पर्छ," प्रधानमन्त्री कार्कीले जोड दिँदै भन्नुभयो, "हामी आलोचनाको पात्र बनेका छौँ, तर देशका लागि सहन र भोग्न तयार छौँ । देशमा शान्ति र स्थायित्व कायम गर्ने सर्तमा हामी सबैले आफ्ना स्वार्थ त्याग्नुपर्छ, त्यसैमा मुलक र हामी सबैको भलाइ छ ।"

## मुस्ताङमा हिउँ चितुवाको सर्वेक्षण सुरु

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ७ पुस

हिउँ चितुवाको सङ्ख्या पत्ता लगाउन मुस्ताङमा पहिलोपटक विस्तृत सर्वेक्षण सुरु गरिएको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मुस्ताङले यहाँका चार स्थानीय तहमा शनिबारदेखि क्यामेरा ट्र्यापिङमार्फत हिउँ चितुवाको सर्वेक्षण सुरु गरेको हो ।

हिउँ चितुवाको सम्भावित बासस्थान र क्षेत्र पत्ता लगाएर एक्याप तथा अन्य सरोकारवाला सङ्घसंस्थाले क्यामेरा ट्र्यापिङ गर्दै आइएको थियो । यसबाट हिउँ चितुवाबारे जानकारी प्राप्त हुने भए पनि यकिन सङ्ख्या पत्ता लगाउन पर्याप्त थिएन ।

एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले सर्भेका लागि तल्लो मुस्ताङ र माथिल्लो मुस्ताङ गरी पाँच/पाँच किलोमिटरको दूरीमा १६१ वटा क्यामेरा ट्र्यापिङ ग्रीडको मापदण्ड निर्धारण गरिएको छ। हिउँदयामको मौसममा उच्च लेकमा हिउँ बढी हुने भएकाले हिउँ चितुवाको आहारा प्रजाति तलतल झर्ने भएकाले हिउँ चितुवा पनि केही तल झर्ने गर्छन् । त्यसैगरी, केही दिनअघि मुस्ताङको वारागुङ मुक्तिक्षेत्र र घरपझोङ गाउँपालिकाका आधा दर्जन बढी स्थानमा बायोकोस नेपाल र एक्यापले हिउँ चितुवाको अध्ययनका लागि १६ वटा क्यामेरा राखेको थियो ।

कार्यालय प्रमुख पौडेलले माथिल्लो मुस्ताङमा राखिने ९९ वटा क्यामेरा र तल्लो मुस्ताङमा राखिसकिएका १६ वटा क्यामेरा गरी एक सय ११ वटा क्यामेरा एकैसाथ प्रयोग गर्नेगरी सर्भे सुरु गरिएको बताउनुभयो । सर्वेक्षणका लागि एक्याप लोमान्थाङले क्यामेरा ट्र्यापिङ गर्न तीन ब्लकमा जनशक्ति विभाजन गरेको छ। एक्यापका प्राविधिक र स्थानीय जनशक्तिहरूको सहयोगमा क्यामेरा ट्र्यापिङका लागि करिब एक दर्जनभन्दा बढी जनशक्ति फिल्डमा खटिएको कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो ।

सोही प्रयोजनका लागि एक्यापले अधिकतम छ महिनासम्म फिल्डमै क्यामेरा राख्ने जनाए पनि वैशाख महिनाभित्र हिउँ चितुवाको ट्र्यापिङ क्यामेरा निकालिने छ ।

## निर्वाचनका लागि आयोग पूर्ण रूपमा तयार छ: कार्यवाहक प्रमुख आयुक्त भण्डारी

**रासस**
काठमाडौं, ७ पुस

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आयोग सरकारको प्राथमिकताअनुसार आगामी फागुन २१ मा प्रतिनिधिसभा सदस्य निर्वाचन गराउन पूर्ण तयार रहेको बताउनुभएको छ।

सिंहदरबारमा सोमबारप्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा निर्वाचन आयोग, राजनीतिक दल, जेनजी प्रतिनिधि तथा सरोकार भएकाहरूबीच भएको छलफलमा उहाँले तोकिएको समयमै निर्वाचन गर्न आयोगले आवश्यक सबै तयारी पूरा गरिसकेको जानकारी गराउनुभयो।"सरकारले निर्वाचन मिति घोषणा भएको साढे चार महिना बितिसकेको छ, अब हामीसँग करिब दुई महिना मात्र बाँकी छ। आयोगले प्रक्रियागत रूपमा थोरै कामबाहेक सबै काम सम्पन्न गरिसकेको छ", कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भन्नुभयो । उहाँले मनोनयनपत्र दाखिल भइसकेपछि सुरक्षासम्बन्धी नीति तत्काल परिमार्जन नगरे निर्वाचनको समयमा समस्या आउनसक्ने भन्दै शान्ति सुरक्षासम्बद्ध निकाय र गृह मन्त्रालयलाई समयमै तयारीका लागि आग्रहसमेत गर्नुभयो ।

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले विगतमा गरिएको जोखिम वर्गीकरण यसपटक केही फरक देखिनसक्ने भन्दै सोहीअनुसार रणनीति अपनाएर तयारी गर्नुपर्नेमा जोड दिनुभयो । "उम्मेदवार, पुराना र नयाँ शक्तिबीचको द्वन्द्व तथा शक्ति सङ्घर्षका कारण कतिपय स्थानमा शान्त मानिएका क्षेत्र जोखिमयुक्त र जोखिम मानिएका क्षेत्र सामान्य हुनसक्ने सम्भावना छ । त्यसैले निर्वाचनको विकल्प निर्वाचन मात्र हो, अरु कुनै विकल्प छैन भन्ने ध्येयका साथ सबैले निर्वाचन सफल बनाउन आवश्यक सहयोग गर्न मेरो आग्रह छ", उहाँको भनाइ थियो । भण्डारीले गृह मन्त्रालयले शान्ति सुरक्षाका विषयमा आवश्यक प्रत्याभूति गरिसकेको र निर्वाचन आयोग तथा सरकारबीचको छलफलबाट सुरक्षामा कुनै कमजोरी नरहेको प्रतिबद्धता जनाइएको बताउनुभयो । उहाँले फागुन २१ गते हुने निर्वाचनका लागि मौजुदा कानुनअनुसार कार्यविधि, निर्देशिका र आचारसंहिता पनि तर्जुमा भइसकेको जानकारी गराउँदै अब दलीय सहमति र सरकारसँगको समन्वयमा आचारसंहिता लागू गरिने उल्लेख गर्नुभयो ।

बैठकमा समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवारको नाम पेस गर्ने समय परिवर्तन गर्दा निर्वाचन प्रक्रियामा धक्का लाग्ने भन्दै समय परिवर्तन नगर्न राजनीतिक दलसमक्ष आयोगले आग्रहसमेत गरेको छ । घोषित निर्वाचन गर्न छोटो समय र सीमित जनशक्ति रहेकाले तालिका परिवर्तन गर्दा असहज हुने कार्यवाहक प्रमुख आयुक्त भण्डारीले स्पष्ट पार्नुभयो ।

## कांग्रेस महाधिवेशन सम्पन्न गरेर निर्वाचनमा जान्छ : महामन्त्री थापा

**रासस**
काठमाडौं, ७ पुस

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीले १५औं महाधिवेशन सम्पन्न गरेर निर्वाचनमा भाग लिनुपर्ने बताउनुभएको छ।

काठमाडौँ क्षेत्र नं ६ का पार्टीका कार्यकर्ता तथा मतदातालाई सम्बोधन गर्दै उहाँले कांग्रेसमा नियमित महाधिवेशन हुन नसके विशेष महाधिवेशन गरेर भएपनि निर्वाचनमा भाग लिनुपर्छ भन्नुभयो । उहाँले महाधिवेशनलाई टार्नका लागि पार्टीको केन्द्रीय समितिको बैठकलाई लम्ब्याइएको गुनासो गर्नुभयो । "संविधानलाई सही दिशामा ल्याउनका लागि फागुन २१ मा निर्वाचन हुन्छ, संविधानलाई सही दिशामा ल्याउने प्रमुख जिम्मेवारी कांग्रेसको हो,"- उहाँले भन्नुभयो । बदलिएको कांग्रेसले देश बदल्न सक्ने भएकाले १५औं महाधिवेशन चाँडो सम्पन्न गर्नुपर्ने उहाँको भनाइ थियो। महामन्त्री थापालले जनताले भ्रष्टाचार र कुशासन अन्त्य खोजेकाले त्यसमा कांग्रेस लाग्नुपर्ने बताउनुभयो । कुनैपनि संस्थालाई दलीयकरण गर्ने प्रवृत्तिलाई कांग्रेसले अन्त्य गरेर अगाडि बढ्ने महामन्त्री थापाले बताउनुभयो । उहाँले कांग्रेस राष्ट्रिय शक्ति भएकाले देशलाई सम्हाल्ने प्रमुख जिम्मेवारी कांग्रेसको काँधमा आएको उल्लेख गर्नुभयो ।महामन्त्री थापाले नागरिकमा भएको असन्तुष्टि र रीसलाई जेनजी आन्दोलनले प्रस्तुत गरेको भन्दै जेनजीको मर्म र भावनाअनुसार दलहरु सच्चिएर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो । फागुन २१ मा निर्वाचन नभए देश अनिश्चिततातर्फ फर्कने उहाँको भनाई थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## भद्रकालीका विद्यार्थी कक्षाकोठाको सिकाइलाई व्यवहारमा उतार्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ७ पुस



कक्षाकोठाको पाँचौ घण्टीमा पढेका ज्ञानलाई व्यवहारमा उतार्न पोखरा १३ स्थित भद्रकाली माविमा कक्षा ११ पत्रकारिता अध्ययनरत विद्यार्थीहरूले हालै भद्रकाली मन्दिरको अवलोकन गरेका छन् ।

वि.सं. २००८ सालमा स्थापना भएको उक्त विद्यालयका विद्यार्थीहरू भ्रमणलाई लिएर निकै उत्साहित थिए । विद्यालय परिसरमा शिक्षक पुग्नासाथ विद्यार्थीहरू खुसी हुँदै "सर, कति खेर जाने हो ?" भन्दै एकै स्थानमा झुम्मिएका थिए । विद्यालयबाट करिब २० मिनेटको छोटो यात्रापछि विद्यार्थी र शिक्षकको टोली मन्दिर परिसरमा पुगियो । मन्दिर पुग्नासाथ विद्यार्थीहरू हातमा नोटबुक लिएर टिपोट गर्न थाले । कोही मोबाइलको सहयोगले मन्दिरको कलात्मक सौन्दर्य कैद गर्न व्यस्त देखिन्थे । केवल दर्शन गर्न मात्र नभई, पत्रकारिताका विद्यार्थीको आँखाले सम्पदालाई कसरी हेर्ने र त्यसको महत्वलाई कसरी उजागर गर्ने भन्ने उद्देश्यले यो अवलोकन आयोजना गरिएको थियो । मन्दिरमा घण्टीको ध्वनि र रुखका हाँगाहरूमा चराचुरुङ्गीको चिरबिर आवाजका बीच विद्यालय पोसाकमा सजिएका विद्यार्थीहरूको लस्कर आकर्षक देखिन्थ्यो । अवलोकनका क्रममा विद्यार्थीहरूले मन्दिरका पुजारी, स्थानीय बासिन्दा र दर्शनार्थीहरूसँग छोटो अन्तर्वार्ता लिने अभ्यास समेत गरे ।"किताबमा समाचार कसरी लेख्ने भनेर पढेका थियौँ, आज यहाँ आएर प्रत्यक्ष रूपमा सूचना सङ्कलन गर्दा पत्रकारिताको वास्तविक मजा अनुभव भयो," भ्रमणमा सहभागी छात्रा सरिता विश्वकर्माले पोखरापत्रलाइ वताए। विद्यार्थीहरूले मन्दिरको ऐतिहासिक पक्ष र त्यहाँको वास्तुकलाका विषयमा जानकारी सङ्कलन गरेका छन् । श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति १२/१३ का अध्यक्ष योगेन्द्रमान श्रेष्ठले पोखरापत्रलाई बताए अनुसार "विद्यार्थीहरूमा लुकेको सिर्जनशीलतालाई बाहिर ल्याउन र हाम्रो धर्म-संस्कृतिलाई युवा पुस्तामार्फत प्रचारप्रसार गर्ने यस्तो प्रयोगात्मक अभ्यास निकै फलदायी हुन्छ ।" विद्यार्थीहरूले मन्दिरका पुजारी र स्थानीय जानकारहरूलाई घेरेर जिज्ञासाका पोकाहरू फुकाए । भद्रकालीको उत्पत्ति कसरी भयो ? यहाँको धार्मिक विश्वास के छ ? मन्दिरका टुँडालहरूमा कुँदिएका ती बुट्टाहरूले के बोल्छन् ? कोही आफ्नो नोटबुकमा महत्वपूर्ण बुँदाहरू टिपोट गर्दै थिए त कोही मोबाइलको क्यामेरामा मन्दिरको प्राचीन वास्तुकला कैद गर्न व्यस्त थिए। अवलोकनपछि विद्यालयतर्फ फर्कँदै गर्दा विद्यार्थीहरूको अनुहारमा थकान होइन, बरु नयाँ ज्ञान प्राप्तिको चमक थियो। मन्दिर अवलोकनमा गणेश न्यौपाने, सोयोगिता ठाकुर लगायत विद्यार्थीहरुले जिज्ञासा राखेका थिए।

# स्याङ्जाका दुई कार्यालय गाभिए, सेवा एकै ठाउँबाट दिइने

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ७ पुस




स्याङ्जाका दुई कार्यालय गाभिएका छन् । गण्डकी प्रदेशअन्तर्गत रहेका सामाजिक विकास कार्यालय र उद्योग तथा पर्यटन कार्यालय गाभिएका हुन् ।

सदरमुकाममा रहेका दुई कार्यालय गाभिएसँगै यही पुस १ गतेदेखि एउटै कार्यालयबाट सेवा सुरु भएको हो । गण्डकी प्रदेश सरकारको निर्णयअनुसार नयाँ संरचना सृजना भएसँगै गण्डकी प्रदेश सरकार उद्योग तथा पर्यटन मन्त्रालय र सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत 'एकीकृत सेवा कार्यालय' राखिएको छ ।

पुतलीबजार नगरपालिकाका छुट्टै स्थानबाट सेवा दुई छुट्टाछुट्टै कार्यालय स्थापना गरी सेवा दिइरहेका कार्यालय गाभिएर बनेको एकीकृत सेवा कार्यालयले साविकको सामाजिक विकास कार्यालय र साविकको पर्यटन तथा उद्योग कार्यालयले प्रदान गर्ने सेवालाई निरन्तरता दिने कार्यालय प्रमुख जीवन पौडेलले बताउनुभयो । "दुई छुट्टाछुट्टै कामको प्रकृति भएका कार्यालय एकै ठाउँबाट सञ्चालन हुँदा सेवाग्राहीलाई सहजता हुनुका साथै खर्चमा मितव्ययिता हुन्छ", उहाँले भन्नुभयो, "सेवाग्राहीलाई छिटो, छरितो र बढीभन्दा बढी सेवा कसरी दिन सकिन्छ भन्ने विषयमा हामी प्रयत्नशील छौं ।" दुई कार्यालय गाभिएर हाल बनेको एकीकृत सेवा कार्यालयले साविकको पर्यटन तथा उद्योग कार्यालय पुतलीबजार-१ अभियानपथबाट सेवा दिन थालेको हो । साविकको पर्यटन तथा उद्योग कार्यालयले प्रदान गर्दै आइरहेको उद्योग व्यवसाय दर्ता, नवीकरण, उद्यम तथा व्यवसायको प्रवर्द्धनात्मक कार्यक्रम, बजार अनुगमन, पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण, सीपमूलक तथा आयआर्जनमूलक तालिम निरन्तर रूपमा सञ्चालन हुने उहाँले बताउनुभयो ।

त्यस्तै साविकको सामाजिक विकास कार्यालयले प्रदान गर्दै आएको लक्षित वर्गका लागि क्षमता अभिवृद्धि, सीपमूलक तालिम, शिक्षाका क्षेत्रमा पूर्वाधार निर्माण, सांस्कृतिक, धार्मिक क्षेत्रमा पूर्वाधार विकासका कार्यक्रमलाई एकीकृत कार्यालयमार्फत निरन्तरता दिइने भएको हो । एकीकृत विकास कार्यालयमा १५ जना कर्मचारीको दरबन्दी रहेको छ ।

# तीन दशक पछि पोखरामा एक्स नेपथ्यले लाईभ ब्याण्ड प्रस्तुति दिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ७ पुस




पोखरा सडक महोत्सवको मुख्य आकर्षण सांगीतिक उत्सव हो ।

अनि सांगीतिक उत्सवको मुख्य आकर्षण न्यू ईयर ईभ स्पेसल कार्यक्रम हो । जहाँ यस वर्ष एक्स नेपथ्य तीन दशकपछि पोखरामा गुञ्जिदैछ । नेपथ्य व्याण्डका स्थापनाकालीन गायकहरु रविन श्रेष्ठ र गौतम गुरुङ पोखरा सडक महोत्सवको अवसरमा आयोजित सांगीतिक उत्सव कार्यक्रम अन्तर्गतको हिट्स अफ नाईन्टिजमा गुञ्जिन लागेका हुन् । जसका लागि उनी वेलायत (युके)बाट डिसेम्बर ३० मा काठमाडौँहुँदै पोखरा आईपुग्ने छन् । रेवान पोखराको आयोजनामा पोखराको लेकसाईड क्षेत्रमा हुने पोखरा सडक महोत्सवको अवसरमा कोमागाने पार्कमा हुने सांगीतिक उत्सवमा आफू आउन लागेको हाल युकेमा रहेका एक्स नेपथ्यका रविन श्रेष्ठले जानकारी दिए । आफू र गौतम गुरुङ लाईभ व्याण्ड प्रस्तुतीका लागि तयारी अवस्थामा रहेको उनले बताए । पोखरामा आफूले छेक्यो छेक्यो देउराली डाँडा हुस्सु र कुहिरोले, आँगनै भरी, नक्कली कान्छी, आँखैमा झलझली, गोधुली साँझ, वर्षातको समयलगायतका गीत प्रस्तुत गर्ने उनले बताए । पोखरामा लाईभ व्याण्ड प्रस्तुतीका लागि आफू उत्साहित रहेको उनले बताए । झण्डै तीस वर्ष पछि पोखरामा लाईभ व्याण्ड प्रस्तुतीका लागि आउँदैछु,उनले भने,'म सुपर एक्साईटेड छु । किनकी व्याण्ड छाडेपछि पहिलो पटक नेपालमा प्रस्तुती दिदैछु । आशा छ मलाई साथ दिन पोखरेली दर्शकहरु आउनुहुनेछ ।' उनले आफ्नो प्रस्तुतीमार्फत दर्शकलाई ९० को दशकमा फर्काउने बताए । 'म मेरो ओरिजिनल भोकल सुनाउन आतुर छु । मसँगै पोखरेली दर्शकपनि नोस्टाल्जिक हुनेमा विश्वस्त छु ।' उनले आफ्नो स्वरमा रहेको सो गीत नेपाली दर्शकले सुन्न नपाएकाले यो पोखरेली दर्शकका लागि एउटा राम्रो अवसर भएको बताए ।

एक्स नेपथ्य गायक श्रेष्ठले यो बिचमा आफूले विदेशमै भए पनि गीत, संगीतमा काम गरिरहेको बताए । आगामी दिनमा पनि यसलाई निरन्तरता दिने उनले प्रतिबद्दता जनाए । एक्स नेपथ्यका अर्का गायक गौतम गुरुङले आफू पनि पोखरेली दर्शकलाई मनोरञ्जन दिनका लागि न्यू ईयर ईभमा प्रस्तुती लिएर आउन लागेको बताए । हामी पहिलोपटक पोखरेली दर्शकमाझ लाईभ व्याण्डमार्फत आउँदैछौं,उनले भने,'पोखरेलीलाई ९० को दशकमा फर्काएर आपसी माया सुमधुर बनाउँदै नोस्टाल्जिक बनाउने छौं ।' सो दिन आफूले जोमसोमै बजार, गण्डकीको तिरैमा, झरीले रुझेको आकास, यार्लिङ कहाँ खस्यो ?लगायतका चर्चित गीतहरु प्रस्तुत गर्ने उनले जानकारी दिए । कार्यक्रमका लागि आफू पनि उत्साहित रहेको बताउँदै उनले थपे,'यो हाम्रो होमटाउन हो, त्यो पनि पहिलो पटक पोखरामा स्टेज चढ्दैछौं । नेपथ्यको ओरिजिनल आवाज सुनाउन हामी आतुर छौं । पक्कै पनि दर्शकको अपार माया पाउँछौं भन्ने विश्वास छ ।' अल टेक नेपालको आयोजनामा हुने पोखरा सांगीतिक उत्सव अन्तर्गत हुने हिट्स अफ नाईन्टिजको न्यू ईयर ईभमा एक्स नेपथ्यसँगै डि-मर्चा, लेकाली, देउराली र उज्जन शाक्यले लाईभ व्याण्ड प्रस्तुती दिनेछन् । सो दिन अहिलेकी भाईरल डान्सर कार्टुन क्रुजकी आस्मा विश्वकर्माको विशेष प्रस्तुती रहनेछ । न्यू ईयर ईभलाई स्पेसल बनाउन उनले अहिलेको भाइरल छिकिरी छिकिरीलगायतका गीतहरुमा डान्स प्रस्तुती दिनेछिन् ।

सांगीतिक उत्सव अन्तर्गत पुस १५ गते गुरुङ समुदायको ल्होसार विशेष कार्यक्रम हुनेछ । उक्त दिन दिउँसोदेखि साँझ स्वप्न सुमन, केआर लिम्बु र चक्र व्याण्ड ब्लाष्ट हुनेछन् । तथा दिउँसो प्रिती आले, देउराली व्याण्डका पुराना गायक आनन्द बज्राचार्य र सन्तोष बस्यालको प्रस्तुती रहनेछ भने दीवा कार्यक्रमतर्फ लोकदोहोरी गायकहरु पुरुषोत्तम न्यौपाने, जीवन दाहाल, चोलेन्द्र पौडेललगायतको प्रस्तुती रहने उनले बताए । त्यस्तै, पुस १४ गते अन्तरविद्यालय खुल्ला नृत्य प्रतियोगिता हुनेछ भने दिउँसोदेखि साँझसम्म ईन्टर स्कुल व्याण्ड कम्पिटिसनको उपाधि बिजेता तथा उपबिजेताहरुको सांगीतिक प्रस्तुती रहने जनाइएको छ । अल टेक नेपालको आयोजनामा हुने हिट्स अफ नाईन्टिज कार्यक्रमको मुख्य प्रायोजकमा प्रोटोन गाडी रहेको छ भने राईड पार्टनरमा टिभिएस र एजुकेसन पार्टनरमा गण्डकी ईन्टर नेसनल एजुकेसन कन्सल्टेन्सी रहेका छन् ।

# सोह्रौँ राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कपमा ४ सय ४ पदकका लागि प्रतिष्पर्धा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ पुस




पोखरामा पौष ९ गतेदेखि हुने सोह्रौं राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कप विद्यालय खेलकुद प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ । सोमबार आयोजक पोखरा महानगर खेलकुद विकास समितिले पत्रकार सम्मेलन गरेर दिएको जानकारी अनुसार प्रतियोगितामा कुल ४ सय ४ पदकका लागि ३ हजार ३ सय १२ विद्यार्थीले प्रतिष्पर्धा गर्नेछन् ।

पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दीपक बहादुर गोदारले प्रतियोगितालाई व्यवस्थित बनाउनका लागि दुई महिनादेखि तयारी गरिएको बताए । यस प्रतियोगितासँग सम्बन्धित संस्थागत तथा सामुदायिक विद्यालयसँग धेरै पटक छलफल गरिएको उनको भनाइ छ । अघिल्ला संस्करणहरूमा जन्ममितिका कारण बढी मात्रामा विवाद आउने गरेकोले यसपालि विद्यालय भर्ना हुँदा प्रत्येक विद्यार्थीलाई दिइने 'इमिस कोड नम्बर'को आधारमा कडाइ गरिएको उनले खुलाए ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाका शिक्षा अधिकृत सोमनाथ भण्डारीले पोखरा महानगरपालिकामा रहेका झण्डै २ सय ६० विद्यालय मध्ये १ सय ८० भन्दा बढी विद्यालयको विभिन्न खेलमा सहभागिता रहने उल्लेख गरे । ७० प्रतिशत भन्दा बढी विद्यालय सहभागी बन्ने निश्चित भएको भन्दै अर्को वर्ष सत प्रतिशत पुऱ्याउने लक्ष्यका साथ कार्य गर्ने समेत प्रतिवद्धता जनाए । पोखरा महानगरपालिकाको भूगोलको कारण समेत सबै विद्यालय सहभागी हुन समस्या भएको उनले औंल्याए । पौष ११ गतेसम्म चल्ने प्रतियोगितामा उसु, कराँते, तेक्वान्दो, भलिबल, कबड्डी र एथलेटिक्स गरि ६ वटा विधामा प्रतिष्पर्धा हुने पोखरा महानगर खेलकुद विकास समितिका सदस्य सचिव सुरज अधिकारीले जानकारी दिए । जस अनुसार भलिबलमा छात्र तर्फ ४५ विद्यालयका ४ सय ५० जना र छात्रातर्फ २३ विद्यालयका २ सय ३० जना खेलाडी सहभागी हुनेछन् । कबड्डी छात्रतर्फ २० विद्यालयका २ सय जना र छात्रातर्फ ११ विद्यालयका १ सय १० जना खेलाडी सहभागी बन्ने निश्चित भएको छ । एथलेटिक्समा कुल ८४ विद्यालयका छात्रतर्फ ३ सय ७० जना र छात्रातर्फ २ सय ६५ जनाले प्रतिष्पर्धा गर्नेछन् । कराँतेमा ४१ विद्यालयका ६४ छात्र र ७० छात्राले प्रतिष्पर्धा गर्नेछन् । तेक्वान्दोतर्फ २६ विद्यालयका ४८ छात्र र ५० छात्राले सहभागिता जनाउनेछन् ।

उसुतर्फ २१ विद्यालयका ४० छात्र र ६५ छात्राले प्रतिष्पर्धा गर्नेछन् । मार्चपासमा ४५ विद्यालयका १ हजार ३ सय ५० विद्यार्थी सहभागी बन्ने सदस्य सचिव अधिकारीले खुलाए । एकजना खेलाडीले प्रतियोगितामा समावेश खेलका विधा मध्ये एउटा मात्र विधामा सहभागिता जनाउन पाउनेछ । परिवर्तित नियम लगायतको विषयमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिकालाई पालना गर्न पोखरा महानगरपालिका खेलकुद विकास समितिले आग्रह गरेको छ । भलिबल र कबड्डीमा प्रथमले ३० हजार, द्वीतियले २० हजार र तृतीयले १२ हजार रुपैयाँ सहित पदक र प्रमाणपत्र पाउनेछन् । एथ्लेटिक्स एकल तर्फका प्रथमले ४ हजार, द्वीतियले २ हजार ५ सय र तृतीयले १ हजार ५ सय तथा रिले खेलमा विजेता टिमले ६ हजार, द्वीतियले ४ हजार र तृतीयले २ हजार प्राप्त गर्ने अध्यक्ष गोदारले जानकारी दिए । यसैगरी मार्चपासमा प्रथम टिमले २० हजार, द्वीतियले १५ हजार तृतीयले १० हजार र सान्त्वना टिमले ५ हजार रुपैयाँ पाउनेछन् । अन्य विधाका खेलाडीलाई पनि उचित पुरस्कारको व्यवस्था गरिएको उनले जनाए । प्रतियोगिताको उद्घाटन पोखरा रङ्गशालामा बुधबार पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले गर्नेछन् । उद्घाटन समारोहमा मार्च पास, साँस्कृतिक कार्यक्रम र तेक्वान्दो डेमोस्ट्रेसन समेत हुनेछ । प्रतियोगितालाई भव्य बनाउन अध्यक्ष दीपक बहादुर गोदारको संयोजकत्वमा व्यवस्थापन तथा निर्देशन समिति र १० वटा विभिन्न उपसमिति निर्माण गरिएको आयोजकको भनाइ छ ।

# पोखरामा एनटिएचएमसी फुड फेष्ट २०२६ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ पुस

पोखरा महानगरपालिका वडा नं १४ स्थित नेपाल टुरिजम एण्ड होटेल म्यानेजमेन्ट कलेजका २५ औं ब्याचका विद्यार्थीको आयोजनामा 'एनटिएचएमसी फुड फेष्ट २०२६' हुने भएको छ ।

हरेक वर्ष स्टुडेन्ड मेगा इभेन्टका रुपमा फुड फेष्टिवल गर्दै आइएकोमा यस वर्ष २५ औं ब्याचका विद्यार्थीको आयोजनामा यही पुस २६ गते शनिबार एनटिएचएमसी फुड फेष्ट आयोजना गर्न लागिएको आयोजक समितिका अध्यक्ष विवेक महतले जानकारी दिनुभयो ।

आँफूहरूले फुड फेष्टिवलका लागि तयारी थालिसकेको जानकारी गराउँदै उहाँले उक्त फेष्टिवलमा विभिन्न किसिमका खाना तथा पेय पदार्थ, भेगन (प्लान्ट बेस फुड) आदिको स्वाद लिन पाइने जानकारी दिनुभयो । उक्त अवसरमा बार टेण्डरिङ फेलरिङ सो समेत हुनेछ । फेष्टिवलमा समिर श्रेष्ठ, केहारसिंह लिम्बु जस्ता कलाकारको ब्याण्ड प्रस्तुतीका साथै विभिन्न सांस्कृतिक तथा अन्य प्रस्तुती रहने उहाँले जानकारी दिनुभयो । कार्यक्रममा स्थानीय कलाकारका साथै कलेजका विद्यार्थीको समेत विभिन्न प्रस्तुती रहने जनाइएको छ ।

कार्यक्रममा सशुल्क सहभागि हुने व्यवस्था मिलाइएको र यसका लागि सशुल्क अनलाइन टिकेटिङ पाटनरका रुपमा रेभेलसँग सहकार्य गरिएको जानकारी दिदै उहाँले आयोजक टिमका सदस्यबाट समेत टिकट वितरण गरिने बताउनुभयो । "कार्यक्रमलाई भव्य र सभ्य बनाउन १४ सदस्यीय मूल आयोजक समिति कृयाशिल बन्नुका साथै क्याम्पस प्रमुख प्रकाश रेग्मी र सहायक क्याम्पस प्रमुख राजकुमार कार्कीको निरन्तरको सरसल्लाहमा हामी निरन्तर लागिरहेका छौं", उहाँले भन्नुभयो,"कार्यक्रमको सफलताका लागि विभिन्न प्रायोजक, सहप्रायोजक एवम् सहयोगीको साथ सहयोग रहेको छ ।" कार्यक्रम पश्चात वातावरणलाई साथ र सहयोग गर्ने उद्देश्यका साथ 'प्लेट फर प्लान्ट' योजना समेत राखिएको आयोजकले जनाएको छ ।

prime TILES

VACANCY ANNOUNCEMENT

AREA SALES MANAGER
MANUFACTURING

JOB TYPE: FULL TIME
SALARY: NEGOTIABLE
LOCATION: POKHARA
PREFERRED EXPERIENCE: 1–2 YEARS OF EXPERIENCE IN A RELATED FIELD

JOB DESCRIPTION
. Execute sales strategies to achieve and surpass sales targets.
. Develop and maintain strong relationships with clients, addressing their needs and ensuring customer satisfaction.
. Identify new business opportunities by researching market trends and customer needs.
. Provide product knowledge and guidance to customers to support their decision-making process.
. Prepare sales reports and forecasts by analyzing data to enhance sales strategies.
. Collaborate with the marketing team to create effective promotional campaigns.
. Negotiate contracts and sales agreement terms with clients.
. Prepare daily sheets to maintain records of payments collected.
. Stay updated on industry trends, competitors, and market conditions to adapt sales approaches accordingly.
. Create and present sales reports through presentations and written reports.
. Coordinate and communicate with the accounts team to dispatch invoices and transaction statements to clients.

JOB SPECIFICATION:
. Proven experience in sales, preferably in the tiles, construction materials, hardware, or sanitary ware industry.
. Strong communication and negotiation skills.
. Excellent understanding of sales techniques and strategies.
. Ability to manage multiple tasks, meet deadlines, and work collaboratively within a team environment. Flexible and adaptable, with high attention to detail, strong negotiation and communication skills, and the ability to solve problems effectively.

INTERESTED CANDIDATES MAY APPLY WITHIN SEVEN DAYS BY SENDING THEIR APPLICATION TO THE EMAIL ADDRESS MENTIONED BELOW.

PRIME CERAMICS PVT. LTD.
CORPORATE OFFICE | Level 4, Saket Complex | Tripureshwor, Kathmandu, Nepal
01-5918860 | hr@primeceramics.com.np

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# विदेशमा रहेका नेपालीलाई मताधिकार दिनेतिर लाग

विदेशमा रहेका नेपालीले निर्वाचनमा मत दिन पाउनुपर्ने वहस तिव्र भएको छ । प्रधानमन्त्री सुशीला कार्कीले बोलाएको सर्वदलीय र नागरिक समाजसँग भएका छलफलमा यही विषय हटकेक बन्ने गरेको छ । यस्तो वहस पहिलोपटक उठेको होइन । विगतदेखि नै उठ्दै आएको हो । तथ्यांक कार्यालयले २२ लाख मतदाता विदेश रहेको जनाएको छ । यति धेरै नेपाली विदेशमा रहेको हुँदा मतदान गर्न पाउनुपर्ने माग जायज हो । जायज माग पूरा हुन भने व्यवहारिक अड्चन देखाएर अहिले नसकिने कोणबाट विचार आउने गरेका छन् । कार्यालयले भनेकै संख्या २२ लाख विदेशमा नेपाली छन् । त्यो मुलुकभित्र भएका मतदाताको २० प्रतिशत हो । त्यतिका धेरै मतदाताले चाहिँ मत हाल्न पाइरहेका छैनन् । अर्थात् उनीहरू विदेशी मुद्रा पठाउँछन्, देशले उनीहरूलाई मतपत्र भने पठाउँदैन ।

देश धान्न उनीहरू योगदान गर्छन् तर भविष्य निर्धारण गर्ने मामलामा निर्णायक भूमिका अर्थात् मताधिकार पाउँदैनन् । यो सरासर अन्यायपूर्ण छ । सर्वोच्च अदालतले ८ वर्षअघि नै विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिन परमादेश जारी गरेको थियो । त्यो अझै कार्यान्वयन भएको छैन । हालै नीति अनुसन्धान प्रतिष्ठानले पनि विदेशका नेपालीलाई मताधिकार दिन सकिने सुझाएको छ ।

अप्ठ्यारो के भने विदेशका नेपालीको तथ्याङ्क रुजु गर्न कठिन छ । तर, सुझाएअनुसार इन्टरनेट प्रविधिमा आधारित भएर मताधिकार दिन सकिन्छ । भौतिक रूपमै विदेशमा मतदान केन्द्र राख्न त सम्भव र सजिलो छैन । सूचना प्रविधिको युगमा पुरानो शैलीको मतपेटिका बोकेर दूतावास धाउनुपर्दैन । पाकिस्तानजस्तो लोकतन्त्र कमजोर भएको मुलुकले समेत भएका नागरिकलाई मताधिकार दिइसकेको छ । अरू पनि दर्जनौं दर्जन मुलुक छन्, जसले विदेशमा रहेका आफ्ना नागरिकलाई मताधिकार दिन्छन् । हामीकहाँ भने राजनीतिक दलहरू नै त्यसका लागि इच्छुक देखिँदैनन् । झन् २०७९ सालको निर्वाचनमा विदेशमा रहेका मतदाता निर्णायकजस्तै बने ।

मतदान नै गर्न नपाए पनि उनीहरूले चलाएको अभियानका आधारमा स्थानीय तहमा थुप्रै स्वतन्त्र उम्मेदवारले जिते । त्यसैले फेरि पनि अघिल्लो चुनावबाट ठूला भएका दलहरू अझै डराइरहेका छन् जस्तो देखिन्छ । यदि, सही राजनीति गर्ने हो भने, राजनीतिमा सेवाभाव थप्ने हो भने, नेताहरूले विगतदेखि दिने विकासका सपना साकार पार्ने हो भने पक्कै यी दल र तिनका नेताले यस्तो अवस्थाको सामना गर्नुपर्ने थिएन कि ?

भौतिक रूपमा मतदानको व्यवस्था गर्न पक्कै खर्चिलो पनि हुन्छ । तर, प्रविधिले त्यसलाई सजिलो र सस्तो बनाइरहेको छ । मात्र भरोसायोग्य प्रविधिको सुनिश्चितता भने चाहिन्छ । लोकतन्त्रलाई बलियो बनाउने हो भने कसैलाई पनि मतदानको अधिकारबाट वञ्चित गराउनुहुँदैन । विदेशमा भएका नेपालीको नोट चल्ने तर भोट नचल्ने अवस्था अन्त्य गरिनुपर्छ । कानुनमा जेजस्तो संशोधनको खाँचो छ, त्यसका लागि पनि दलहरूसँग सरकारले सहमति गर्न सक्नुपर्छ ।

फागुन २१ कै निर्वाचनका लागि पनि विदेशका नेपालीलाई मतदानको अधिकार दिन समय अभाव हुँदैन भन्ने विज्ञहरूले नै बताइसकेका छन् । प्रतिष्ठानले पनि त्यसका लागि विस्तृत कार्ययोजना नै तयार पारेको छ । सरकारसँग इच्छाशक्तिको अभाव मात्र हो । समग्रमा, राजनीतिक सहमति नै अहिलेको खाँचो हो कि विदेशमा बस्ने नेपालीलाई मताधिकार दिने बाटो हो । दलहरूले आफ्नो स्वार्थ भुलेर राष्ट्रिय हितलाई प्राथमिकता दिए भने त्यो सम्भव हुन सक्छ । सरकारले बोल्ड निर्णय गरेर जाने साहस देखाउनुपर्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : अप्रत्यसित लाभ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाव |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# म्याग्दीमा 'कालाहारी बोयर' जातको बाख्रा भित्रियो



**पोखरापत्र संवाददाता**
पोखरा, ७ पुस

बेनी नगरपालिका–३ भकिम्लीको डाँडाखानीका किसान धनबहादुर श्रीसले जिल्लामा नयाँ जातको बाख्रा भित्र्याउनुभएको छ । उहाँले डाँडाखानीस्थित 'श्रीस पशुपालन तथा बहुउद्देश्यीय कृषि फार्म'मा अफ्रिकाबाट आएको 'कालारी बोयर' जातको बाख्रा भित्र्याउनुभएको हो ।

पाल्पाको रामपुरमा रहेको निजी फार्मबाट प्रजननका लागि कालारी बोयर जातका दुई बोका र दुईवटा माउ बाख्रा ल्याएर पालन गर्न थालेको श्रीसले बताउनुभयो । उहाँले भन्नुभयो, "१४ वर्षदेखि विभिन्न उन्नत जातका बाख्राका पाठापाठी उत्पादन गरेर बिक्री गर्ने क्रममा पछिल्लोपटक नयाँ कालारी बोयर जातको ल्याएको हुँ । यहाँको भूगोल र हावापानीमा पालेको कालारी बोयरबाट पाठापाठी उत्पादन सफल भएको छ ।"

श्रीसका अनुसार दुईवटा बाख्राले शतप्रतिशत कालारी बोयर जातका दुई–दुईवटा पाठापाठी जन्माएका छन् । "कालारी बोयर बाख्राकै एक प्रजाति हो । शरीरको रङ खैरो हुने भएकाले यसलाई कालारी नामकरण गरिएको हो", उहाँले भन्नुभयो । सबै शरीर कालो हुनेलाई 'ब्याकबेरी' र टाउको रातो, शरीर सेतो रङको हुने बाख्रालाई 'स्टायडर्ड' बोयर भनिने श्रीसले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सबै विशेषता र गुण स्टाण्डर्ड बोयरसँग मिल्ने खैरो रङको कालारी बोयरको पाठापाठी नश्ल सुधारका साथै मासु र पूजाआजाका लागि बिक्री हुने गरेको छ ।"

प्रजनन (ब्याड)का लागि कालारी बोयर बाख्राको बोका प्रतिकिलो रु चार हजारमा बिक्री हुन्छ भने मासुका लागि अन्य जातका खसीबोकासरह नै हुने गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार छिटो हुर्कने, तौल बढी हुने र हेर्दा आकर्षक देखिने बोयर बाख्राको विशेषता हो । बोयर बोकाबाट स्थानीय जातका बाख्राको नश्ल सुधार गरेर जन्मिएका पाठापाठी पछि छिटो बढ्ने र तौल बढी हुने श्रीसले जानकारी दिनुभयो । उहाँको फार्मलाई सरकारले उन्नत जातको बाख्राका पाठापाठीका लागि स्रोत केन्द्रको मान्यता दिएको छ । श्रीसका अनुसार उक्त फार्ममा उत्पादन भएका बोयर, सिनाल, खरि, जमुनापारीलगायत जातका बोका तथा पठापाठी नश्ल सुधारका लागि देशभरका किसानले खरिद गरेर लैजाने गरेका छन् । जिल्लास्थित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख गोपाल गिरीले डाँडाखानीको श्रीस पशुपालन तथा बहुउद्देश्यीय कृषि फार्ममा भित्रिएको कालारी बोयर म्याग्दीका लागि नयाँ र पहिलो भएको पुष्टि गर्नुभयो । पन्ध्र वर्ष विदेशमा बिताएका श्रीसले १४ वर्षअघि फार्म स्थापना गर्नुभएको थियो । बाख्रापालनका लागि आवश्यक पर्ने पूर्वाधार, घाँसखेती र पाठापाठीका लागि हालसम्म रु दुई करोड लगानी भएको उहाँले जानकारी दिनुभयो । उहाँले बाख्रापालनका लागि ६० रोपनीमा डालेघाँस र करिब ३० रोपनीमा जैघाँसखेती गर्नुभएको छ ।

बर्खामा प्रशस्त पाइने हरियो मकैको घोगासहितको ढाँडलाई हिउँदमा खुवाउनका लागि साइलेज बनाउनुभएको छ । श्रीसको फार्ममा हाल माउ र पाठापाठी गरेर ४० वटा बाख्रा छन् । वार्षिक रूपमा ३० देखि ४० वटा पाठापाठी बिक्री हुने गरेको उहाँले बताउनुभयो ।

# पाठेघर क्यान्सरविरुद्धको खोप लगाइँदै

**रासस**
काठमाडौं, ७ पुस

सरकारले माघको अन्तिम साताेदेखि देशभर पाठेघर क्यान्सरविरुद्धको 'ह्युमन प्यापिलोमा भाइरस' (एचपिभी) खोप कार्यक्रम सञ्चालन गर्ने भएको छ । नियमित राष्ट्रिय खोप तालिकाअनुसार एचपिभी खोप कार्यक्रम सञ्चालन हुन लागेको हो ।

सोमबार आयोजित अन्तरक्रिया कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय परिवार कल्याण महाशाखा र युनिसेफ नेपालको प्राविधिक सहयोगमा खोप कार्यक्रम सञ्चालन गर्न लागिएको जानकारी दिइएको हो । कार्यक्रममा बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले खोप कार्यक्रमका लागि करिब सम्पूर्ण तयारी भएको बताउनुभयो । उहाँले भन्नुभयो, "खोप दिने समयमा निर्वाचन तथा चाडपर्वले केही प्रभावित बनाउन सक्ने भन्ने आकलन छ, तथापि माघको अन्तिमबाट सुरु गरेर फागुनको पहिलो साता अभियान सम्पन्न गर्ने योजनासहित तयारी गरिएको छ । यसबारे थप जानकारी र मिति छिट्टै सार्वजनिक गरिने छ ।" शाखा प्रमुख डा गौतमका अनुसार कक्षा ६ मा अध्ययनरत १० वर्ष पूरा गरेका साढे तीन लाख किशोरीलाई लक्षित गरेर खोप दिइनेछ । गत वर्ष सरकारले कक्षा ६ देखि १० सम्म अध्ययनरत करिब १७ लाख किशोरीलाई खोप दिएको थियो । गत वर्ष दुई मात्राको खोप रहेकामा यस वर्ष भने एक मात्रा मात्र दिइने छ । "विभिन्न वैज्ञानिक प्रमाण र खोप सल्लाहकार समितिका अनुसार एक मात्राको खोप लगाए पनि त्यसको प्रभावकारिता हुने भनिएपछि यसपटक एक मात्रा मात्र दिन लागेका हौँ", डा गौतमले भन्नुभयो, "कुनै भ्रम र गलत सूचनामा विश्वास नगरी ढुक्क भएर खोप लगाउन लक्षित वर्गलाई हाम्रो आग्रह छ ।" बढीभन्दा बढीलाई खोप कार्यक्रममा सहभागी हुनका लागि विगतका सिकाइका आधारमा सचेतना फैलाउने काम भइरहेको उहाँले सुनाउनुभयो ।

स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार नेपालमा औसतमा प्रत्येक दिन चार जना महिलाको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने अनुमान छ । महिलामा हुने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो मुख्य कारण रहेको र क्यान्सरबाट महिलाको मृत्यु हुने पहिलो मुख्य कारण रहेको त्यस अवसरमा जानकारी दिइयो ।

# योग, ध्यान र दृष्यावलोकनका लागि 'स्वर्गाश्रम'

**रासस**
म्याग्दी, ७ पुस

पृष्ठभूमिमा लहरै हिमाल । वरपर घना जङ्गल । शान्त र एकान्त वातावरण । पहाडको मध्यभागमा अवस्थित थुम्को । तलतिर देखिने नागबेली परेर बगेको म्याग्दी नदी र ग्रामीण बस्ती चराचुरुङ्गी र वन्यजन्तुका आवाज ।

म्याग्दीको बेनी नगरपालिका–३ भकिम्लीमा रहेको 'स्वर्गाश्रम' प्राकृतिक रुपमा रमणीय, धार्मिक हिसाबले ऐतिहासिक र पर्यटकीय सम्भावना बोकेको ठाउँ हो । परापूर्वकालमा तपस्या गर्न ऋषिमुनीहरु आउने स्वर्गाश्रम आधुनिक समाजमा विपाशना, योग, ध्यान, घुमघाम र प्राकृतिक दृष्य अवलोकनका लागि पूर्वाधार बनेको छ । आधारभूत पूर्वाधार तयार भए पनि स्वर्गाश्रममा पर्याप्त पाहुना, भक्तजन र पर्यटक भित्र्याउन नसकिएको बेनी नगरपालिका–३ का वडाध्यक्ष पदम पुनले बताउनुभयो । "पछिल्लो एक दशकमा स्वर्गाश्रममा कच्ची सडक, पदमार्ग, खानेपानी, विद्युत, सञ्चार सुविधा विस्तार, आश्रयस्थल भवन, घेराबार निर्माण भएको छ," उहाँले भन्नुभयो "स्थानीयस्तरमा सीमित बनेको स्वर्गाश्रमको महत्वलाई उजागर गरेर पर्यटक भित्र्याउन पहल थालिएको छ ।" बेनी नगरपालिका, वडा कार्यालय, स्वर्गाश्रम क्षेत्र विकास समितिको साझेदारीमा त्यहाँ आधारभूत पूर्वाधार तयार गरिएको वडा अध्यक्ष पुनले बताउनुभयो ।

आश्रममा १२ वर्षसम्म तपस्या गरी बस्नुभएकी इन्दिरा माताको नेतृत्व र स्थानीयको पहलमा केही वर्ष अगाडि महायज्ञ आयोजना गरेर सहयोग जुटाइएको थियो । महायज्ञबाट सङ्कलित रकम र सरकारी निकायको सहयोगमा गणेश मन्दिर, पानी जम्मा गर्ने कुवा, आश्रम घर र तीर्थालु बस्ने सत्तल निर्माण भएको हो । बेनी नगरपालिकाको सहयोगमा स्वर्गाश्रम परिसरमा ढुङ्गा बिछ्याउने, पदमार्ग र घेराबार निर्माण भएको वडा सदस्यसमेत रहेका स्वर्गाश्रम क्षेत्र विकास समितिका अध्यक्ष रत्नबहादुर जिसीले बताउनुभयो । उहाँका अनुसार समुद्रि सतहदेखि



करिब दुई हजार पाँच सय मिटर उचाइमा अवस्थित स्वर्गाश्रममा दुई सय वर्षअघि ऋषिमुनीले तपस्या गरी ज्ञान आर्जन गरेको ठाउँका रुपमा परिचित छ । "आश्रम नजिकैको गुफामा सप्तऋषिले तपस्या गरेको किंबदन्ती छ," जिसीले भन्नुभयो "स्वर्गाश्रमको दर्शन गरेमा अन्य पाँच पवित्र तीर्थस्थलको दर्शन र मनोकामना पूरा हुने जनविश्वास छ ।" फाट्टफुट्ट रुपमा नेपाल र भारतका विभिन्न ठाउँका तपस्वीहरु स्वर्गाश्रममा आउने गरेका छन् । हिमालको काँखमा शान्त वातावरणमा योग, ध्यान र विपाशनाका लागि स्वर्गाश्रम उपयुक्त भएको योगी बद्रीनाथले बताउनुभयो । "पहिले यहाँ तपस्विहरुले ओडारमा बस्नुपर्ने समस्या थियो," उहाँले भन्नुभयो "पूर्वाधार निर्माण भएपछि सहज भएको छ ।" अर्का योगी त्रीशक्तिनाथले यहाँ आउँदा कोलाहल र तनावबाट मुक्ति मिल्ने भएकाले स्वर्गाश्रम नाम रहन गएको बताउनुभयो । स्वर्गाश्रमबाट मनोरम हिमशृङ्खला र बेनी बजारसहित, दर्जनौं गाउँबस्तीको दृश्यावलोकन गर्न सकिन्छ । गुर्जा, चुरेन, धौलागिरि, मानापाथी, निलगिरि, अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खलाको दृष्य अवलोकन गर्न सकिन्छ । नागबेनी परेर बगेको म्याग्दी नदी, जिल्ला सदरमुकाम बेनी बजार, पर्वतको मल्लाज, म्याग्दीको अर्थुङ्गे, पुलाचौर, कुहुँ, बरङ्जा, बाबियाचौर, भकिम्ली गाउँको दृष्य अवलोकन गर्न सकिन्छ । स्वर्गाश्रमको फेदीमा रहेको बागखोरमा उद्यान छ । जहाँ हिमशृङ्खला अवलोकन गर्दै वनभोज खान सकिन्छ । हरेक वर्षको वैशाख १ गते स्वर्गाश्रमदेखि केहीमाथि म्याग्दी र बागलुङको सिमानामा रहेको बेलढुङ्गासम्म रथयात्रा गर्ने चलन छ । स्वर्गाश्रम र बेलढुङ्गाको एकीकृत पर्यटन विकासमा बागलुङको काठेखोलाको धम्जा र म्याग्दीको बेनी नगरपालिकाको भकिम्लीको वडा कार्यालय र सङ्घ संस्थाले साझेदारी गर्दै आएका छन् । स्वर्गाश्रमको महत्वलाई उजागर गर्ने उद्देश्यले आइतबार दोस्रो विश्व योग दिवसको अवसरमा यहाँ कार्यक्रम आयोजना गरिएको थियो । बेनी नगरपालिका–३ को कार्यालयको सहयोगमा नविन आनन्द योग केन्द्र नेपाल र स्वर्गाश्रम क्षेत्र विकास समितिको आयोजनामा स्वर्गाश्रममा ध्यान दिवस मनाइएको हो । दिवसको अवसरमा योग, ध्यानको नमूना प्रदर्शन, प्रवचन र नृत्य प्रस्तुत गरिएको थियो ।

दिवस मनाउनका लागि बेनी, गलेश्वर, तातोपानी, बाबियाचौर र दरवाङका योगी तथा स्थानीयवासी स्वर्गाश्रममा भेला भएका थिए । बेनीदेखि भकिम्ली र काठेखोलाको धम्जा हुँदै स्वर्गाश्रम पुग्न सकिन्छ । बेनीदेखि एक घण्टा ३० मिनेट गाडीमा यात्रा गरेपछि स्वर्गाश्रम पुगिन्छ । त्यहाँ कच्ची सडक पुगेको छ । धम्जामा बेलढुङ्गा होमस्टे सञ्चालन भएको छ । भकिम्लीको भुकभुके र मुसुङ्काका बासिन्दाले पनि स्वर्गाश्रम, बेलढुङ्गा घुम्न आउने पाहुनालाई घरमा खाने, बस्ने व्यवस्था मिलाएका छन् । भुकभुके र मुसुङ्मा होमस्टे सञ्चालनको तयारी भएको स्वर्गाश्रम क्षेत्र विकास समितिका कोषाध्यक्ष पूर्णमाया जिसीले बताउनुभयो । आफै बन्दोबस्तीका सामान ल्याएर आउने पाहुना र पर्यटकले स्वर्गाश्रम र बाघखोरको आश्रयस्थल भवनमा पकाएर खान सक्छन् ।

# पर्वतमा व्यवसायीलाई लप्सीका परिकार बनाउन भ्याइनभ्याइ

**पोखरापत्र संवाददाता**
पर्वत, ७ पुस

यहाँका अधिकांश पाखापखेरा, डाँडाकाँडामा लप्सी पाकेर पहेँलपुर बनिरहेका छन् । लप्सी जिल्लाको रुपमा परिचित जिल्लामा यसवर्ष फलेका लप्सी टिपेर बिक्री तथा प्रशोधन गर्न किसानलाई भ्याइनभ्याइ भएको छ । जिल्लाका अधिकांश किसानले लप्सीका दाना बिक्री गर्दै आएका छन् भने जिल्लाको फलेवास नगरपालिका–४ मुडिकुँवामा सञ्चालित सामुदायिक खाद्य प्रशोधन उद्योगले लप्सीको प्रशोधन गर्दै आएको छ ।

बालीनाली थन्क्याइसकेपछि उद्योगले लप्सीबाट माडा, अचार, क्याण्डी, तितौरा, जाम, लप्सी धुलो, पिरो क्याण्डी लगायतका परिकार बनाउँदै आएको छ । विगत डेढदशकदेखि लप्सी प्रशोधन गर्दै आएको उद्योगले यस वर्ष झण्डै रु ७० लाख बराबरको कारोबार गर्ने लक्ष्य राखको छ । उद्योगमा यसवर्ष झण्डै ६० टन लप्सी प्रशोधनको तयारी गरिएको छ । अहिले गाउँ गाउँबाट लप्सी सङ्कलन गर्ने र अचार, माडा बनाउने तथा क्याण्डिका लागि गुदी निकालेर राख्ने काम भइरहेको उद्योगका सञ्चालक थानेश्वर भुसालले जानकारी दिनुभयो । पर्वतमा झण्डै दुई सय मेट्रिकटन लप्सी उत्पादन हुने भए पनि ३० प्रतिशत मात्र प्रशोधन गर्न सकिएको उहाँको भनाइ छ । बाँकी केही किसानले बोटबाटै दाना बिक्री गर्दै आएका छन्,भने जनशक्तिको अभावले टिप्न नसक्दा बोटमै खेर जाने गरेकोसमेत भुसालले बताउनुभयो ।

जनशक्ति र प्रविधिको अभाव तथा पर्याप्त बजार नहुँदा उत्पादित सबै लप्सी प्रशोधन गर्न नसकिएको सञ्चालक भुसालको भनाइ छ । अहिले भने स्वदेशकै बजारमा निर्भर हुनुपरेको उहाँको भनाइ छ । भुसालले सञ्चालन गरेको उद्योगमा आफू बाहेक सात जनालाई रोजगारी दिनुभएको छ । लप्सीसँगै अमला, अदुवा लगायतका परिवार बनाएर हुने कूल आम्दानीबाट खर्च कटाएर वर्षमा रु १० देखि १२ लाखसम्म बचत हुने गरेको उहाँले बताउनुभयो । चार वर्ष पहिले उत्पादित लप्सीका दश लाख बराबरका परिकार अमेरिका पठाउनुभएका भुसालले नेपालमा भन्दा पनि बढी विदेशमा माग रहेपनि अहिले पठाउने संयन्त्र नरहेको बताउनुभयो । नेपालीहरूले विदेश फर्किदा कोसेली र पाहुँरको रुपमा लैजाने बाहेक व्यावसायिक हिसाबले उद्योगबाटै होलसेलमा विदेश पठाउन नसकिएको उहाँको भनाइ छ । जिल्लाका झण्डै ४० वडामा लप्सीको उत्पादन हुँदै आएको छ । कुनै बेला जङ्गलमा त्यसै झरेर कुहिने लप्सी पछिल्लो समय प्रशोधन गर्न थालेपछि आम्दानीको राम्रो स्रोत बनेको हो । वनपाखामा त्यसै खेर जाने लप्सीबाट आम्दानी गर्न सकिने भएपछि लप्सीको व्यावसायिक खेती सुरु भएको छ । सामुदायिक खाद्य प्रशोधन उद्योगले किसानलाई लप्सी खेतीतर्फ आकर्षित गर्नका लागि निःशुल्क बिरुवा वितरण गर्दै आएको छ ।

उद्योगमा लप्सीसँगै अदुवा, अलैंची, अमला, बेसार, टिमुर, खुर्सानी लगायतको प्रशोधनसमेत हुँदै आएको छ । भने पछिल्लो दुई वर्षयता मकैको सातु उत्पादनबाट लाखौं रुपैया आम्दानी गर्ने गरेको सञ्चालक भुसालले बताउनुभयो । लप्सी, अमला र अदुवा यामको बेलामा प्रशोधन हुने भए पनि मकै, भट्मास, बदाम लगायतको मिक्स सातु बाह्रैमास उत्पादन हुने सञ्चालक भुसालले बताउनुभयो ।

# कोदो, मकै फल्ने बारीभरी लटरम्म सुन्तला : यस वर्ष रु १३ लाखको बिक्री

**पोखरापत्र संवाददाता**
बागलुङ, ७ पुस



पछिल्ला समयमा बसाइँसराले गाउँ रित्तिँदै छ । गाउँमा भएकाहरु पनि सहर झर्ने मिति जुराउँदै छन् । जिल्लास्थित किमबोटबाट बसाइँ सर्नेमध्येका लोकनाथ कँडेल एक हुनुहुन्छ । १३ वर्ष अगाडि सुबिधा खोज्दै बागलुङ बजार झर्नुभएका उहाँ अहिले पनि प्रायः गाउँमै भेटिनुहुन्छ । कँडेल गाउँमै भेटिनुको मुख्य कारण हो, सुन्तला । जिल्लामै अगुवा किसानका रुपमा परिचित कँडेलले बसाइँसरे पनि जग्गा जमिन र घर छोड्नु भएको छैन ।

किमबोट गाउँमा उहाँको ३२० बोट सुन्तला छन् । यसमध्ये २५० बोटले फल दिइरहेका छन् । सुन्तलाको स्याहार सुसारका लागि उहाँ हरेक हप्ता गाउँ पुग्नुहुन्छ । कँडेलले सुन्तला खेती गर्न थालेको साढे तीन दशक बढी भयो ।

विसं २०४७ मा रु ३५ हजार लगानी गरेर सुरु गरेको सुन्तलाखेती अहिले फस्टाएको छ । हरेक वर्ष आम्दानी बढ्दै गइरहेको छ । २०४७सालमा कँडेलले सुन्तलाखेती सुरु गर्दा बागलुङ जिल्लामै सडक आएको थिएन । स्थानीय कासीराम कँडेलले बिहुँ क्षेत्रमा सुन्तला खेतीको सुरुआत गर्नुभएको थियो । उहाँबाटै सिकेर उहाँले सुन्तला लगाउनु भएको हो । साठी वर्षीय कँडेलले १४ रोपनी क्षेत्रफलमा सुन्तलाखेती गर्दै आउनु भएको छ । गाउँको माया र सुन्तला खेतीप्रतिको मोहले गर्दा बागलुङ छोडेर टाढा बसाइँ नसरेको कँडेल बताउनुहुन्छ । वरपरका छिमेकीले धमाधम गाउँ छोडेपछि आफूले पनि परिवार लिएर बागलुङ बजार आएको उहाँको भनाइ छ । बिरामी पर्दा नजिक उपचार गर्न आशले मात्रै आफू बजार झरेको कँडेलले बताउनुभयो । भएभरको सम्पत्ति गाउँमै रहेको जनाउँदै कँडेलले अहिले पनि सबैभन्दा धेरै सुन्तला उत्पादन गर्ने आफू भएको बताउनुभयो । "औषधि पानी खाने अस्पतालको नजिक भनेर बजार झरेको, हाम्रो नातागोता र छरछिमेकी सबै तराईतिर गए, हामीहरु चाँहि घर पायकपर्छ भनेर बागलुङ बजारमा आएको हो, यहाँबाट गाउँ नजिक छ, हरेक साता गाउँ जाने सुन्तलामा मल पानी लगाउने, गोडमेल गर्ने काम गर्छु" उहाँले भन्नुभयो- "म बजारमा बस्ने भन्ने मात्रै मेरो मन दिनहुँ गाउँमा हुन्छ, गाउँमा धेरै सुन्तला छ, अझ यो बेला टिप्नका लागि तयार हुँदै छ, चोर लाग्ने डर हुन्छ ।"

कोदो, मकै फल्ने बारीभरी सुन्तला

अहिले लटरम्म सुन्तला फलेका बारीमा पहिले कोदो, मकै उत्पादन गरेर जीविकोपार्जन गरेको कँडेलले स्मरण गर्नुभयो । मकै र कोदो उत्पादन गर्दा वर्षभरी खान नपुग्ने जनाउँदै अहिले सुन्तलाले जीवनस्तरनै परिवर्तन भएको कँडेल बताउनुहुन्छ । सुन्तला खेतीबाट छोराहरु पढाएको सुनाउँदै अहिले सबै जापाज, अमेरिका र पोर्चुगल रहेको उहाँको भनाइ छ ।

सुन्तलाखेती गर्न थालेपछि कुनै पनि जग्गा बाँझो राख्न नपरेको कँडेलले बताउनुभयो । सुन्तलाखेती गर्दाका बखत सडकले गाउँ नजोडिएको भन्दै डोकोमा बोकेर बागलुङ बजार ल्याएर बिक्री गरेको स्मरण गर्दै अहिले त्यस्तो अवस्था नरहेको बताउनुभयो । बसाइँसराइ गरेर तराई झरेकाहरुले पनि सुन्तलाको मायाले जग्गा जमिन नबेचेको उहाँले सुनाउनुभयो। उहाँले भन्नुभयो, "सुरु सुरुमा ढोकोमा बोकेर बागलुङ बजार पुऱ्याउँथ्यौँ, अहिले व्यापारी बारीमै आएर बगानै किन्छन्, बगानै बिक्री गर्दा हामीहरुले उचित मूल्य पाउन सक्दैनौँ, व्यापारीलाई बगान नदिँदा बजार नपाएर कुहिने डर हुन्छ, राज्यले हाम्रो उत्पादनलाई उचित मूल्य दिएर बजारीकरण गरिदिने भए धेरै आम्दानी गर्न सकिन्थ्यो ।"

जिल्लाकै बढी सुन्तला फलाउने लोकथान

उहाँ बागलुङ जिल्लामै सबैभन्दा बढी सुन्तला उत्पादन गर्ने किसान हुनुहुन्छ । उहाँले गत वर्ष रु १३ लाखको सुन्तला बिक्री गर्नुभएको थियो, भने यसवर्ष रु १५ लाखको बिक्री गरिसक्नु भएको छ । थप दुई लाखको परिवारले खानका लागि राखेको कँडेलले सुनाउनुभयो । तीस बोटबाट खेती सुरु गरेको जनाउँदै हरेक वर्ष नयाँ बिरुवा थप्दै गएको उहाँको भनाइ छ । हालसम्म करिब २५ लाख बढी लगानी गरिसकेको कँडेलले बताउनुभयो ।

अहिले किमबोट गाउँमा सुन्तलाखेती नगर्ने कोही पनि नभएको उहाँको भनाइ छ । पछिल्लो समय बिहुँ क्षेत्र सुन्तला गाउँका रुपमा पचिरित हुँदै गएको उहाँ बताउनुहुन्छ । यस वर्ष चितवन र धादिङका व्यापारीले सुन्तला बगान खरिद गरिसकेको कँडेलले बताउनुभयो । सुन्तलाको दाना बढ्ने बेला असिना पर्दा केही क्षति भए पनि अघिल्लो वर्षको तुलनामा उत्पादन बढेको उहाँको भनाइ छ ।

# कलामय बन्यो कुश्माको शताब्दी घर

**पोखरापत्र संवाददाता**
पर्वत, ७ पुस



कोही पिँढी त कोही आँगनमा बसेर कुची र रङ्गसँग खेल्दै थिए । प्रकृति र जीवनका अनेक भावभङ्गीलाई उनीहरुले क्यानभासमा उतारे । आइतबार पर्वतको कुश्मास्थित शताब्दी घर कलामय बन्यो । एकै थलोमा अनुजदेखि अग्रज कलाकारको जमघट भयो ।

उनीहरुले अनुभव र सिकाइ साटासाट गरे । कलाका आयामबारे विमर्श गरे । कुश्मा कला परियोजनाले राखेको 'एक दिवसीय कला कार्यशाला' मा पर्वत, बागलुङसहित धवलागिरि क्षेत्रका कलाकार सहभागी बनेका हुन् । तीन सय वर्ष पुरानो शताब्दी घर संरक्षण गरिरहेको परियोजनाले सोही स्थानमा कला कार्यशाला चलाएको हो । कार्यशालामा पर्वत, कुश्माका विभिन्न विद्यालयका झण्डै २०० विद्यार्थी सहभागी थिए । विद्यार्थीले चित्र कोरे । पाकापुराना कलाकारले क्यानभासमा कोरेका आकृति अवलोकन गरे । परियोजनाका अध्यक्ष आरके अदिप्त गिरीले चित्रकला विधाको जगेर्नाका लागि कार्यशाला आयोजना गरिएको बताउनुभयो।"कलाकारकोसम्मानसहित नयाँ पुस्तालाई चित्रकलामा आकर्षित गर्न कार्यशाला राखिएको हो", उहाँले भन्नुभयो । धवलागिरि क्षेत्र आफैँमा कलाको उर्बर क्षेत्र भएकाले यस क्षेत्रको कला गतिविधिलाई नयाँ ढङ्गले अगाडि बढाउनुपर्ने अध्यक्ष गिरीले बताउनुभयो । कार्यशालामा कोरिएका चित्रलाई शताब्दी घरमा सङ्ग्रह गरिने उहाँको भनाइ छ । परियोजनाले शताब्दी घरलाई सांस्कृतिक सङ्ग्रहालयका रुपमा विकास गर्ने लक्ष्य लिएको छ । साहित्य, कला, संस्कृति, प्रकृति, पर्यटन र सम्पदा संरक्षणका क्षेत्रमा परियोजना क्रियाशील छ । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव देवेन्द्र थुम्केलीले कार्यशालाले कलाको वातावरण सिर्जना गर्न मद्दत पुऱ्याएको बताउनुभयो । "कलाकारहरुबीच सिक्ने, सिकाउने अवसर बन्यो, कलाप्रतिको सम्मानका लागि यस किसिमका गतिविधि हुनु आवश्यक छ", उहाँले भन्नुभयो, "पछिल्लो समय प्रतिष्ठानले जिल्लास्तरमा ललितकलासँग सम्बन्धित विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ ।" कुश्माको कार्यशालामा प्रतिष्ठानले सहकार्य गरेको सदस्य सचिव थुम्केलीले बताउनुभयो । उहाँले धवलागिरि क्षेत्रलाई समेटेर आगामी दिनमा ललिताकलासम्बन्धी कार्यशाला र प्रदर्शनीको आयोजना गर्ने योजना रहेको सुनाउनुभयो ।

प्रतिष्ठानका प्राज्ञ सदस्य राधी कँडेलले राजधानी र ठूला सहरमा मात्र हुँदै आएका कला प्रवर्द्धनका कार्यक्रमलाई विकेन्द्रित गर्ने प्रयास गरिएको बताउनुभयो । "कला कार्यशाला धेरैजसो पोखरामा हुने गरेको थियो, यसपालि पर्वतमा आयोजना गर्न सफल भएका छौँ", उहाँले भन्नुभयो, "यस क्षेत्रका कलाकार, चित्रकलाप्रति रुची भएका विद्यार्थीहरुको उत्साहजन सहभागिता रह्यो, यसले कलाप्रतिको सम्मान झल्काएको छ ।" व्यावसायिक रुपमा चित्रकला सफल विधा भएकाले नयाँ पुस्तालाई ललितकला अध्ययनमा प्रेरित गर्नुपर्ने प्राज्ञ सदस्य कँडेलले बताउनुभयो ।

नवलपुरको गैँडाकोट नगर प्रज्ञा प्रतिष्ठानका उपकुलपति भीम शर्माले कार्यशालाले प्रतिभा पहिचान गर्न सहयोग पुग्ने धारणा राख्नुभयो । उहाँले आगामी माघ १५ गतेदेखि गैँडाकोटमा हुने गण्डकी प्रदेशस्तरीय कला प्रदर्शनीमा धवलागिरि क्षेत्रका कलाकारहरुको सहभागिता रहने बताउनुभयो । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र गैँडाकोट नगर प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा हुने उक्त प्रादेशिक कला प्रदर्शनीबाट छनोट भएका कलाकृतिलाई राष्ट्रिय प्रदर्शनीमा सहभागी गराइने जनाइएको छ ।

बागलुङका कलाकार मछिन्द्र शाक्यले कार्यशाला पुरानो र नयाँ पुस्ताका कलाकारलाई जोड्ने सेतु बनेको धारणा राख्नुभयो । "धवलागिरि क्षेत्रका कलाकार एकैठाउँमा जमघट हुने अवसर मिल्यो, स्थलगत रुपमा क्यानभासमा आकृति कोर्दाको अनुभूति बेग्लै भयो", उहाँले भन्नुभयो । शाक्यसहितका केही कलाकारले शताब्दी घर र त्यहाँ सङ्ग्रहित परम्परागत सामग्रीलाई क्यानभासमा उतारेका थिए । कतिपयले प्रकृति, संस्कृति पर्यावरण, जनजीवन आदि झल्काउने चित्र कोरे ।

# कागती बिक्री नभएपछि रस र चुक बनाइँदै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ४ पुस

यहाँ उत्पादित कागती बिक्री नभएपछि किसानले विकल्पको खोजी गरेका छन् । स्याङ्जाको वालिङ नगरपालिकाका विभिन्न ठाउँमा व्यावसायिक रूपमा उत्पादन भएको कागतीको दानाले बजार नपाएपछि विकल्पका रूपमा कागती पेलेर रस तथा चुक नै बिक्री गर्ने अवस्थामा किसानहरू पुगेका हुन् ।

जाडो मौसममा कागती दानाको माग कम हुँदा बजारमा खपत हुन नसकेकाले बिग्रिन नदिनका लागि चुक बनाएको वालिङ-१४ स्थित न्यौपाने नर्सरी कृषि तथा पशुपालन फार्मका सञ्चालक प्रकाश न्यौपानेले बताउनुभयो । व्यावसायिक रूपमा कागतीखेती गर्नुभएका न्यौपानेले झण्डै छ क्विन्टल कागतीको दाना बिक्री गर्नुभयो । जाडो लागेसँगै बिक्री नभएको चार क्विन्टल कागतीबाट रस तथा चुक बनाउनुभएको हो ।

"कागतीको दाना बोटबाट दैनिक झर्न थाले, यता बजारमा खपत भएन", उहाँले भन्नुभयो, "दाना कुहाएर फाल्नुभन्दा विकल्पका रूपमा लामो समयसम्म रहने भएकाले चुक र केही समयसम्म रहने भएकाले रसको रूपमा परिणत गरी बिक्री गर्न थालेको छु ।" कागतीको चुकको बजार माग राम्रो रहेकाले पनि वैकल्पिक विधि अपनाइएको हो ।

चुक प्रतिलिटर रु एक हजार ६०० का दरले बिक्री हुने गरेको छ । स्थानीय अगुवा किसान न्यौपानले जस्तै यस ठाउँमा रहेका अन्य किसानले पनि उत्पादन गरेका कृषिजन्य वस्तुले बजार नपाएपछि वैकल्पिक विधि अपनाएका छन् । वालिङ-१४ र भिरकोट नगरपालिका-९ का व्यावसायिक किसानले उत्पादन गरेको सागसब्जी, फलफूललगायत सामग्रीको आगामी दिनमा सहकारीमार्फत सामूहिक रूपमा बजारीकरण गर्ने तयारीमा स्थानीय रहेका छन्। मौसमी तथा बेमौसमी जातका सागसब्जी, सुन्तला, कागती, च्याउ, मह, अकबरे खुर्सानी, अदुवाको व्यावसायिक उत्पादन गर्दै आएका यहाँका किसानले उत्पादन गरेको कृषिजन्य वस्तुले सहजै बजार नपाएपछि सहकारीमार्फत बजारीकरण गर्ने तयारीमा छन् ।

भौगोलिक र यातायातका दृष्टिले विकटमा रहेकाले पनि बजारीकरणमा समस्या भएको हो । वालिङ-१४ अमलडाँडाका व्यावसायिक कागतीखेती गर्ने किसान यामप्रसाद पौडेलले साउनदेखि यता झन्डै आठ टन कागतीको दाना बिक्री गरेको बताउनुभयो । जाडो लागेसँगै कागती बिक्री हुन छाडेपछि एक टन जतिको पेलेर रस बनाउनुभएको छ । उहाँसित अहिले पेलेको रस झन्डै पाँच सय लिटर छ । "गर्मीयाममा जस्तो जाडोमा कागतीका दाना बिक्री हुँदैन", उहाँले भन्नुभयो, "थोरै थोरै बिक्री हुन्छ, बाँकी रहेका कागतीलाई पेलेर रस निकाल्छु र त्यसलाई प्रशोधन गरेर लामो समयसम्म प्रयोग गर्न सकिन्छ ।" बजारमा रस पनि खपत हुने गरेको छ । अहिले कागतीको माग पनि कम र बजार मूल्य कम पर्ने भएकाले भण्डारण गर्न सक्ने व्यवस्था हुने हो भने गर्मी लागेसँगै राम्रो मूल्य पर्ने उहाँको भनाइ छ ।

# लिटल फ्लावरमा नागरिक समाज कास्कीको अन्तरसंवाद

**पोखरापत्र संवाददाता**
पोखरा, ७ पुस




पोखरा महानगरपालिका वडा नं २७ रिठेपानी स्थित लिटल फ्लावर एजुकेशनल सेकेण्डरी स्कुलमा नागरिक समाज कास्कीको अन्तरसंवाद कार्यक्रम सम्पन्न भएको छ ।

नागरिक समाज कास्कीको आयोजना तथा लिटल फ्लावर एजुकेशनल सेकेण्डरी स्कुलको सहकार्यमा सोमवार ३०४ औं राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीका अवसरमा नेपाल एकीकरणमा पृथ्वीनारायण शाहको भूमिका विषयक अन्तरसंवाद कार्यक्रम सम्पन्न भएको हो । अन्तरसंवाद कार्यक्रमका प्रमुख वक्ता प्राध्यापक डाक्टर ज्ञानबहादुर कार्कीले आफ्नो ४५ वर्ष लामो शिक्षण अनुभवको समेत चर्चा गर्दै नेपाल एकीकरणमा पृथ्वीनारायण शाहको भूमिकाका वारेमा ऐतिहाँसिक पृष्ठभूमि समेत उल्लेख गरेका थिए । कार्यक्रममा राइजिङ्ग स्टार युवा क्लबका पूर्व अध्यक्ष विष्णुप्रसाद गुरुङ्ग, विद्यालयका प्रिन्सिपल बिकल पौडेल, एकडेमिक डिन विचित्र न्यौपाने, लेखनाथ पत्रकार मञ्चका अध्यक्ष विष्णुहरि पौडेल, विद्यालय सञ्चालक सदस्य रामप्रसाद अधिकारी, विहानी सत्रका शिक्षकहरु तथा कक्षा १० देखि १२ सम्मका विद्यार्थीहरुको सहभागिता रहेको थियो । प्रमुख वक्ता कार्कीले सहभागीहरुका जिज्ञासाहरुको उत्तर दिँदै आगामी दिनमा थप उत्सुकताका लागि प्रेरणा प्रदान गरेका थिए । कार्यक्रम संयोजक विष्णुहरि अधिकारीले कार्यक्रम वारे प्रकाश पार्दै नागरिक समाजको भूमिकाका वारेमा प्रष्ट पारेका थिए । कार्यक्रमको सञ्चालन नागरिक समाज कास्कीका स्थापनाकालीन अध्यक्ष रामबहादुर पौडेलले तथा अध्यक्षता नागरिक समाज कास्कीका संयोजक नरेन्द्रमान लालचनले गरेका थिए ।

# लेखनाथ महोत्सव : सुन्तलाबाट सुरु भएको यात्रा कृषि बहस र समृद्धितर्फ

**पोखरापत्र संवाददाता**
पोखरा, ४ पुस

लेखनाथको पहिचान, स्थानीय उत्पादनको प्रवर्द्धन र आर्थिक चलायमानतासँग जोडिँदै आएको लेखनाथ महोत्सव हाल एक्काइसौँ संस्करणमा आइपुग्दा केवल उत्सव मात्र नभई कृषि, उद्योग र संस्कृतिको साझा मञ्चका रूपमा स्थापित भएको छ ।

लेखनाथमा जारी एक्काइसौँ संस्करणको लेखनाथ महोत्सवले स्थानीय व्यापार व्यवसायलाई उल्लेखनीय रूपमा चलायमान बनाएको छ । महोत्सवको पाँचौँ दिन सोमबार स्टेज कार्यक्रमअन्तर्गत आयोजित कृषि बहस कार्यक्रमले कृषक, नीति निर्माता र उपभोक्ताबीच प्रत्यक्ष संवादको वातावरण सिर्जना गरेको छ । सुन्तलाबाट महोत्सवसम्मको यात्रा सुरुआती दिनमा सुन्तला उत्पादन र बजारीकरणलाई केन्द्रमा राखेर सुरु गरिएको महोत्सव समयक्रमसँगै स्थानीय संस्कृति, कला, कृषि र उद्योगको प्रवर्द्धनमा केन्द्रित हुँदै आएको छ। महोत्सवले विभिन्न राजनीतिक, सामाजिक र आर्थिक उतार-चढाव पार गर्दै २०८२ सालसम्म आइपुग्दा २१औँ संस्करण सफलतापूर्वक सञ्चालन गरिरहेको छ । महोत्सव आयोजक संस्थाका द्वितीय उपाध्यक्ष ध्रुवबाबु भट्टराईका अनुसार हालसम्म लेखनाथ महोत्सवमार्फत करिब डेढ अर्ब रुपैयाँ बराबरको आर्थिक कारोबार भएको छ । साथै, २१औँ संस्करणसम्म आइपुग्दा करिब ४० लाख दर्शकले महोत्सव प्रत्यक्ष अवलोकन गरिसकेका छन्। उनका अनुसार महोत्सवले स्थानीय बजारलाई चलायमान बनाउँदै साना तथा मझौला व्यवसायीलाई प्रत्यक्ष लाभ पुऱ्याएको छ ।

कृषि बहस : अनुभव, चुनौती र नीति सोमबार आयोजित कृषि बहस कार्यक्रममा विभिन्न कृषि क्षेत्रका प्रतिनिधिहरूले आफ्ना अनुभव र सफलताका कथा प्रस्तुत गरेका थिए । माछापालक कृषक यज्ञप्रसाद आचार्यले व्यावसायिक माछापालन सुरु गर्दा भोग्नुपरेका चुनौती, बजार व्यवस्थापन र प्रविधिको महत्वबारे चर्चा गरे । अलैंची खेती गरिरहेका कृषक सुरेन्द्रजङ्ग क्षत्रीले नगदे बालीका रूपमा अलैंची खेतीले ग्रामीण अर्थतन्त्रमा ल्याएको परिवर्तन र जोखिमबारे अनुभव सुनाए । त्यसैगरी, पोल्ट्री व्यवसायी बाबुराम गिर ले व्यवसायिक पोल्ट्री खेतीका उतार-चढाव, रोग व्यवस्थापन र बजार प्रतिस्पर्धाबारे धारणा राखे । कार्यक्रममा वरिष्ठ बाली संरक्षण अधिकृत शालिकराम अधिकारीले कृषि मन्त्रालयका नीतिगत कार्यक्रम, अनुदान, प्रविधि हस्तान्तरण र कृषक लक्षित सहयोग योजनाबारे जानकारी गराउँदै सरकार र कृषकबीच सहकार्य आवश्यक रहेको बताए। कार्यक्रमको सहजीकरण पत्रकार सुरेन्द्र पौडेलले गरेका थिए । कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका पदाधिकारी, विभिन्न कृषक तथा सर्वसाधारण दर्शकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।


## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला, गल्याङ नगरपालिका वडा नं. ६, साविक पिडीखोला गाउँ विकास समिति वडा नं. १ निवासी मनप्रसाद गुरुङको श्रीमती नमुना गुरुङको नेपाली नागरिकताको प्रमाणपत्रमा सोही नामथर र जन्ममिति २०२०/१२/२९ (इ.सं. 11-04-1964) उल्लेख रहेको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा नामथर नवीनकुमारी गुरुङ र जन्ममिति २०२३/०९/०४ (इ.सं. 19-12-1966) उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र दुई जन्ममिति कायम भएको व्यक्ति एउटै भएको भने व्यहोरा जानकारी गराउँदछौँ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**